# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड १) मुसिकोट,गुल्मी,पुस २० गते,२०७४ साल (संख्याः ८

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## वस्ती विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७४

मुसिकोट नगरपालिकाको नगरसभावाट विनियोजित वस्ती विकास कार्यक्रमलाई व्यवस्थित बनाउन मुसिकोट नगरकार्यपालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# वस्ती विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७४

**प्रस्तावना**

नेपालको संविधानको धारा ३७ को आवासको हक तथा धारा ४२ उपधारा (२) र (५) मा आर्थिक रुपले विपन्नलोपोन्मुख समुदाय, द्धन्द्ध पिडीत, शहिद तथा घाइतेहरुको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा प्राथमिकता पाउने हक हुने व्यवस्था भएकाले यस नगरपालिका अन्तरगतका दलित, जनजाती, अल्पसंख्यक, एकल महिला, आर्थिक रुपमा अतिविपन्न वर्गहरुलाई सुरक्षित आवासको लागि खरका छाना भएका घरहरुमा जस्तापाताका छाना लगाउने व्यवस्था गर्न नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गर्न मुसिकोट नगरपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "वस्ती विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि मुसिकोट नगरपालिकाबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "नगर सभा" भन्नाले मुसिकोट नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

मुसिकोट राजपत्र

(ख) “कार्यपालिका” भन्नाले मुसिकोट नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “समन्वय तथा सहजीकरण अनुगमन समिति”भन्नाले दफाको उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(घ) “वस्ती विकास कार्यक्रम” भन्नाले यस कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका लाभग्राहीका घरमा जस्ता पाता लगाउने कार्य तथा वस्ती विकासका लागि सहयोग पुग्ने अन्य कृयाकलापहरु जस्तै पेटी निर्माण, गोरेटो बाटो निर्माण आदि सम्झनु पर्दछ ।

(ङ) “लाभग्राही” भन्नाले दफा ४ बमोजिम छनौट भएको लाभग्राही घरधनी सम्झनु पर्दछ ।

## परिच्छेद २
## लाभग्राहीको पहिचान र तथ्यांक संकलन

**३. लाभग्राहीको पहिचान :**

(१)लाभग्राही वर्गको पहिचान देहायका आधारमा गरिने छ :

(क) विगत देखी सो स्थानमा बसोबास गर्दै आएको प्रमाण ।

(ख) जग्गाधनी प्रमाण पुर्जा वा विगत देखी बसोवास गर्दै आएको भन्ने वडा कार्यालयको सिफारिस ।

(ग) लाभ्रग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्था ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका लाभग्राहीहरुको लगत सम्बन्धित वडा कार्यालय  मार्फत  संकलन गरिने छ ।

**४. लाभग्राहीछनौटकाआधार :**

(१)  लाभग्राही छनौट नगरकार्यपालिकाको कार्यालयले गर्ने छ ।

(२) लाभग्राही छनौट गर्ने प्रयोजनका लागि लाभग्राहीले हालप्रयोग गरिरहेको घरको क्षेत्रफल, भुइँ, गारो तथा छानाको साइज तयारी गरिने छ ।

(३) लाभग्राही छनौट गर्दा दलित, अल्पसंख्यक, जनजाती, एकलमहिला, अनाथ तथा बालबालिका, अपांगता भएका व्यक्ति, आर्थिक रुपले अतिविपन्न, शहिद परिवारहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

(४) सगोलमा रहेका परिवारले एक घरका लागि मात्र सुविधा पाउने छन् ।

५. **कार्यक्रमकार्यान्वयन स्थल** :

(१) मुसिकोट नपालिका भित्रका दफा (४) उपदफा (१) बमोजिम कार्यपालिकाले छनौट गरेका लाभग्राहीका घरहरुमा कार्यान्वयन गरिनेछ ।

(२) दलित तथा अति विपन्नको वसोवास रहेको निश्चित वस्ती वा टोल ।

## परिच्छेद ३

## बजेट व्यवस्था, गुणस्तर र खरिद प्रक्रिया

६. **बजेट व्यवस्था :**

(१) वस्ती विकास शिर्षकमा गाउँसभा बाट स्वीकृत बजेट नगरपालिकाले उपलब्ध गराउनेछ ।

७. **गुणस्तर :**

(१) वस्ती विकास कार्यक्रम अन्र्तगत प्रयोग गरिने जस्ता पाताको गुणस्तर नगरपालिकाको प्राविधिक सल्लाह वमोजिम उपभोक्ता समितिले निर्धारण गरे अनुसार सामान्यतः कम्तिमा ३९ एमएमको रंगिन जस्ता पाता हुनेछ । सो जस्ता पातामा नगरपालिकाको पहिचान खुलाइनेछ ।

(२) लाभग्राहीलाई जस्ता पाता वितरण गर्दा लाभग्राही व्यक्ति, समुदायले छाउन योग्य बनाई सकेपछि प्राविधि जाँच सम्वन्धित लाभग्राहीको निवेदन र वस्ती विकास कार्यक्रम कार्यन्वयन समितिको सिफारिश सहतिको प्रतिवेदन तथा सम्वन्धित वडा अध्यक्षको सिफारिशको आधारमा

मुसिकोट राजपत्र

प्रति घर अधिकतम २२.५×१३.५ फिट र न्युनतम प्राविधिक मुल्यांकनका आधारमा वितरण गरिने छ ।

(३) दफा (४) अनुसार लाभ्राही छनौट गरि सकेपछि नगरपालिकाले स्वीकृत बजेट अन्तरगत रही एकमुष्ट रुपमा जस्तापाता खरिद गरिनेछ ।

**८. लागत सहभागीता र व्यवस्थापन :**

(१) लाभग्राहीले सुविधा प्राप्त गर्नु अगावै घरमा जस्ता पाता लगाउन आवश्यक निर्माणको कार्य पुरा गरिसक्नु पर्नेछ ।

(२) जस्ता प्राप्त गरिसके पछि छाउने लगायत घरको सम्भार गर्ने जिम्मेवारी लाभग्राहीको हुनेछ ।

**९. कार्यक्रम कार्यान्वयन :**

(१) लाभग्राहीलाई जस्ता पाता उपलब्ध गराउँदा देहायका प्रक्रिया पुरा गरेको हुनुपर्नेछ :

(क) घरमा जस्ता पाता तयार भएको प्राविधिकको मुल्यांकन सहितको सिफारिस

(ख) लाभग्राहीको नागरिकताको प्रतिलिपी

(ग) सम्वन्धित जग्गाधनीको जग्गाधनी पूर्जा

घ) स्थायी बसोवास भएको सम्वन्धित वडाको सिफारिश

(२) उपदफा (१)बमोजिमको प्रक्रिया पुरा गरिसकेपछि दफा (१०) अनुसार गठित समितिको निर्णय अनुसार लाभग्राहीलाई जस्तापाता उपलब्ध गराइने छ ।

(३) नगरपालिकाको कुनै वस्ती सुधार गर्दा कुनै वडामा रहेको दलित तथा अति विपन्न वर्ग वसोवास रहेका वस्ती विस्तार तथा सुधार गर्नुपर्ने आवश्यकता देखिएका उपभोक्ता समिति गठन गरी प्राविधिक मुल्याङ्कन तथा सिफारिशको आधारमा उक्त वस्ती सुधार कार्यक्रमको भुक्तानी दिइनेछ ।

मसिकोट राजपत्र

## परिच्छेद ४
## समिति सम्बन्धी

**१०. समन्वय अनुगमन तथा सहजीकरण समिति :**

(१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था तथा समन्वय अनुगमन तथा सहजीकरण गर्न देहाय बमोजिमको समिति रहनेछ :

| | |
|---|---|
| (क) नगरपालिकाका प्रमुख | संयोजक |
| (ख) नगरपालिकाका उप्रमुख | सदस्य |
| (ग) सम्पूर्ण वडा अध्यक्ष | सदस्य |
| (घ) कार्यपालिकाका महिला सदस्य १ जना | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**११. समितिको काम, कर्तव्य र अधिकार** : समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः–

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय गर्न वडा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

(ग) कार्यक्रमको प्रगति समीक्षा गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा आइपर्ने बाधा अड्चन फुकाउने ।

(ङ) कार्यक्रमको अनुगमन मुल्यांकन गरी नगरपालिकालाई पृष्ठपोषण दिने ।

**१२. बैठक सम्बन्धी कार्यविधि** :

(१) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५
## विविध

**१३. निर्देशन पालना गर्नुपर्ने**: नगरकार्यपालिकाले समन्वय अनुगमन सहजीकरण समितिलाई कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन समितिले पालना गर्नु पर्नेछ ।

मसिकोट राजपत्र

१४. **विवादको समाधान** : कार्यक्रम कार्यान्वयनको सिलसिलामा समन्वय समिति र लाभग्राही बीचकुनै विवाद उत्पन्न भएमा समन्वय सहजीकरण अनुगमन समितिबाट दिएको निर्देशन अन्तिम हुनेछ ।

१५. **फरफारक** :लाभग्राहीले कुनै कारणवस पुरा काम नगरी बीचमै छोडेमा गरेको कामको मुल्यांकन गरी खर्च फरफारक गरिनेछ ।

१६. **बेचबिखन गर्न नपाउने** :लाभग्राहीले आवास निर्माण सम्पन्न गरे पश्चात ५ वर्ष सम्म बेचविखन गर्न पाउने छैन ।

१७. **सुविधा नपाउने** : यस कार्यविधि बमोजिम एक पटक सुविधा प्राप्त गरिसकेका लाभग्राहीले पुनआवास सुविधा पाउने छैन ।

१८. **प्रचलित कानूनबमोजिम हुने** : यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमाणिकरण मिति** : २०७४।०९।२०

आज्ञाले,
घनश्याम न्यैपाने
प्रमुख प्रशासकीय अधिकृत

**मूल्य रू।१०**

मसिकोट राजपत्र